म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ३२७ २०८० कार्तिक १६ गते बिहीबार 2 November 2023, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## हेटौंडा अस्पतालमा ३३ जना किशोरी आमा बने

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा असोज महिनामा ३३ जना किशोरीहरु आमा बनेका छन् । हेटौंडा अस्पतालमा असोज महिनामा १९ वर्ष मुनिका ३३ जना गर्भवती किशोरीले सुत्केरी सेवा लिएको अस्पतालका मेडिकल रेकर्डर राजीव झाले जानकारी दिनुभयो ।

हेटौंडा अस्पतालमा असोज महिनामा ३ सय ५८ जना गर्भवती सुत्केरी भएका थिए । मेडिकल रेकर्डर झाका अनुसार ३ सय ४५ जना मध्ये १२ जनाको गम्भीर अवस्थामा बच्चा निकाल्नु परेको थियो । यस्तै, २ सय ४२ जनाको सामान्य अवस्था रहँदा १ सय ४ जनाले शल्यक्रिया गरी बच्चा जन्माएका थिए । हेटौंडा अस्पतालमा एक महिनामा १ सय ७२ बालिका र १ सय ९० बालक गरी ३ सय ६२ जनामा जन्म लिएका छन् ।

हेटौंडा अस्पतालका स्त्री तथा प्रसुती स्वास्थ्य विशेषज्ञ डा. राम काजी महर्जनका अनुसार किशोरावस्थामा गर्भवती हुनुका धेरै कारणमध्ये मुख्य कारण सामाजिक सञ्जालको दुरुप्रयोग रहेको छ । सामाजिक सञ्जालको प्रयोग गर्दै जाँदा किशोरावस्थामा प्रेम सम्बन्धी स्थापित हुने गरेको छ । प्रेम सम्बन्धपछि भागी विवाह गर्ने क्रम बढेसँगै किशोरावस्थामै गर्भवती हुने र सन्तान जन्माउने अवस्था रहन्छ । किशोरावस्थामा गर्भवती भई बच्चा जन्माउँदा पछि पाठेघरमा समस्या तथा अनेक रोगको संक्रमणको जोखिम हुने डा. महर्जनले बताउनु भयो । सानो उमेरमा किशोरीहरुलाई व्यक्तिगत स्वच्छतामा ध्यान नपुग्ने, व्यक्तिगत स्वच्छतासम्बन्धी ज्ञान नहुने, जन्मेको शिशुको हेर विचार गर्न नसक्ने, आमा र शिशु दुबैमा समस्या देखिने गरेको छ । कतिपयले किशोरावस्थामै दोस्रो सन्तान समेत जन्माइसकेका हुन्छन् ।

हेटौंडा अस्पतालसँगै मकवानपुर जिल्लाका अन्य स्वास्थ्य संस्था तथा प्रसुती सेवा उपलब्ध हुने स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रमा पनि गर्भवती किशोरीले प्रसुती सेवा लिने गरेका छन् । हरेक महिना किशोरीहरु जोखिमपूर्ण अवस्थामा गर्भवती हुने र सन्तान जन्माउने विषयमा समाचार प्रकाशन हुँदा स्थानीय, प्रदेश सरकार र नागरिक समाजको समेत ध्यान पुग्न सकेको छैन । २० वर्षभन्दा कम उमेरमा केटा र केटी दुबैको विवाह गैरकानुनी हुने भनिए पनि व्यवहारमा भने कानुन कार्यान्वयन हुन सकेको छैन ।

## दुईजना गैरआवासीय नेपालीले मकवानपुरबाट नागरिकता लिए



*गैरआवासीय नेपालीलाई नागरिक वितरण गर्नुहुँदै मकवानपुरका प्रमुख जिल्लाअधिकारी सूर्यप्रसाद सेढाई ।*

समाज संवाददाता

हेटौंडाः दुईजना गैरआवसीय नेपाली नागरिकले मकवानपुर जिल्लाबाट नागरिकता लिएका छन् । नागरिकतासम्बन्धी कानुनको संशोधनपछि पहिलो पटक मकवानपुर जिल्लाबाट गैरआवासीय नेपालीले नागरिकता लिएका हुन् । बुधबार मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईले सबै प्रक्रिया पूरा गरेका दुईजना गैरआवसीय नेपालीलाई नागरिकता वितरण गर्नुभएको हो ।

नागरिकता लिनेमा हेटौंडा-११ की संजिता विडारी र हेटौंडा-५ का श्रीकृष्ण थापा रहेका छन् । विडारी र थापा श्रीमान श्रीमती हुन् । थापा १५ वर्षदेखि र श्रीमती विडारी ११ वर्षदेखि अष्ट्रेलियामा बसोबास गर्दै आइरहेका छन् । नागरिकता प्राप्त गरेपछि थापाले पुनः नेपाली नागरिकता लिन पाउँदा आफुहरुलाई खुशी लागेको बताउनुभयो । पुनः नागरिकता लिन पाउँदा विदेशमा रहेपनि देशप्रतिको मायालाई अझ प्रगाढ बनाउन सकिने उहाँको विश्वास छ । यसले देशमा आर्थिक रुपमा केही फाइदा पुग्ने उहाँको भनाइ छ । आफुहरुले आएर देशमा लगानी गर्ने सक्ने बाटो खुलेको र जाँदा यहाँ भएको सम्पत्ति बेचेर र छोडेर जानुपर्ने अवस्था हटेको थापाले बताउनुभयो ।

नेपालको संविधानको धारा १४ मा गैरआवासीय नेपालीलाई नागरिकता प्रदान गर्न सकिने व्यवस्था छ । विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरेको साविकमा वंशजको वा जन्मका आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिने संवैधानिक व्यवस्था छ ।

संविधान जारी भएको लामो समयपछि सरकारले नेपाल नागरिकता ऐन, २०६३ संशोधन गरी गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नागरिकता प्रदान गर्ने व्यवस्था मिलाएको थियो । ७७ वटै जिल्लाबाट गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यवस्था मिलाइएको गृह मन्त्रालयले जनाएको छ । गत असोज ३० गते प्रधानमन्त्री पुष्पकमल दाहालले गैरआवासीय नेपाली संघका अध्यक्ष कुल आचार्य र कार्यकारी अध्यक्ष बद्रि केसीलाई नागरिकता वितरण गरेर गैरआवासीय नेपाली नागरिकलाई नागरिकता वितरणको कार्य सुरु गर्नुभएको थियो । यही कात्तिक १ गतेदेखि सबै जिल्ला प्रशासन कार्यालयबाट गैरआवासीय नागरिकता वितरण गर्ने व्यवस्था मिलाएको हो । गैरआवासीय नेपालीले लामो समयदेखि आफूहरूलाई नेपाली नागरिकता प्रदान गर्न माग गर्दै आएका थिए ।

## बागमतीमा १५ शैयाको अस्पताल शिलान्यास



*अस्पताल भवनको शिलान्यास गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकामा १५ शैय्याको अस्पताल सञ्चालनका लागि निर्माण गरिने भवनको शिलान्यास गरिएको छ । बुधबार एक कार्यक्रमका बीच बागमती प्रदेश सभाका सदस्य प्रेम बहादुर पुलामीले बागमती-५ कोइराला दमारमा अस्पतालको शिलान्यास गर्नुभएको छ ।

संघीय सरकारको प्रत्येक स्थानीय तहमा १५ शैयासम्मको अस्पताल निर्माण गर्ने अभियानअनुरुप बागमतीमा अस्पतालको शिलान्यास गरिएको प्रदेश सभा सदस्य पुलामीले बताउनुभयो । जसका लागि संघीय सरकारले २१ करोड बजेट विनियोजन गरिएकोमा टेण्डर आह्वानबाट १७ करोड ८८ लाख रुपैयाँमा अस्पताल निर्माण गर्ने निर्माण कम्पनीसँग सम्झौता भएको उहाँले बताउनुभयो । अस्पताल निर्माण सम्पन्न भएपछि बागमती गाउँपालिकासँगै आसपासका सेवाग्राहीले सेवा प्राप्त गर्ने पुलामीले बताउनुभयो । बागमतीमा अहिले एउटा स्वास्थ्य चौकी रहेपनि प्राथमिक उपचार सेवा मात्रै पाउने अवस्था छ । अति सामान्य विरामीहरु पनि पालिकाबाहिर रेफर गर्नुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो ।

अस्पतालबाट आधारभूत उपचार, सामान्य चिकित्सा, दन्तस्वास्थ्य, स्त्री, बाल स्वास्थ्य र सामान्य शल्यक्रियासहितको सेवा प्रदान गरिने भएको छ । अस्पतालमा एक जना मेडिकल अधिकृतसहित २४ जना स्वास्थ्यकर्मी रहने जनाएको छ । अस्पताल भवन निर्माणको जिम्मा काभ्रेको शिवालय बिल्डर्स प्रालिले पाएको छ । अस्पताल भवनको निर्माण कार्य २०८२ जेठ २३ सम्ममा सम्पन्न गर्नुपर्ने सम्झौता छ ।

अस्पताल शिल्यान्यास कार्यक्रममा गाउँपालिकाका अध्यक्ष सर्केश घलान, वडा नम्बर ५ का अध्यक्ष विजय कुमार भोलन, ४ का अध्यक्ष दन्तलाल माझी, ७ नम्बर वडा अध्यक्ष उत्तर बहादुर भोलन, २ नम्बर वडा अध्यक्ष जनक पहरी र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलान लगायतको उपस्थिति रहेको थियो ।

## कैलाश र राक्सिराङमा अवैध लागुऔषध गाँजा खेती

समाज संवाददाता

कैलाशः मकवानपुरको कैलाश गाउँपालिका र राक्सिरङ गाउँपालिकामा अधिक मात्रामा अवैध लागुऔषध गाँजा खेती हुने गरेको छ । यी पालिकाहरुमा खेतियोग्य जमिनको ८० प्रतिशत भु-भागमा गाँजा खेती हुँदै आएको छ । कानुनमा गाँजालाई अवैध मानेको छ । तर पालिकाभरि नै गाँजा खेती भइरहेको छ । स्थानीय तहले नियन्त्रणका लागि कुनै पनि कदम चाल्न सकेको छैन ।

प्रहरी प्रशासनले वर्षेनी गाँजा फँडानी गर्दै आएको छ । तर, प्रहरी प्रशासनले पनि माथिल्लो निकायमा गाँजा फँडानी गरेको भनेर देखाउने तर काम खासै गरेको देखिँदैन । प्रहरीले एउटा पालिकामा एक सय विगाह जग्गामा गाँजा फडानी गर्छ तर हजारौं विगाह गाँजा रहेको जमिनमा नदेखे झैँ गरेर फर्कने गरेको छ । मकवानपुरको कैलाश र राक्सिराङ गाउँपालिकाका मानिसहरु गाँजा खेति गरेर नै जिविकोपार्जन गर्दै आएका छन् । त्यहाँका मानिसको खेतिनै गाँजा देखिन्छ । मकवानपुरको विकट पालिकाको रुपमा रहेको यि पालिकामा हिउँदमा मुस्किलले सडक पुगेका छन् भने वर्षायाममा मानिस हिँड्न पनि समस्या पर्ने स्थान रहेको छ । भौतिक रुपले विकट भएको स्थानमा सडकको सुविधा नहुँदा मानिसले अन्य वस्तुको उत्पादन गर्न चासो देखाएका छैनन् । कैलाश र राक्सिराङ गाउँपालिकामा स्थानीयले ३० वर्षदेखि गाँजा खेति गर्दै आएका छन् । तर सरकारले प्रहरी प्रशासन परिचालन गरी फडानी गर्ने भन्दा कुनै कार्य गर्न सकेको छैन ।

गाँजा खेति नियन्त्रण गर्न स्थानीय तहले के गर्न सक्छ भन्ने प्रश्नमा कैलाश गाउँपालिकाका अध्यक्ष लोक बहादुर मोक्तानले स्थानीय तहले यी क्षेत्रमा कुनै कार्य गर्न नसक्ने बताउनुहुन्छ । उहाँले भन्नुभयो, "चुनावको समयमा सांसद पदका उम्मेदवारहरु गाँजालाई वैधानिकता दिएर हिँड्छन्, संसदमा गाँजाको कुरा उठाउँछन्, जनता उक्साउने काम गर्छन्, त्यसैले गाँजा खेती बढेको हो ।" स्थानीय सरकारसँग प्रहरी प्रशासन नहुने र कानुन स्थानीय तह मातहतको नहुने भएकाले गाँजा नियन्त्रणमा ल्याउन नसकिने उहाँ दावी गर्नुहुन्छ । अघिल्लो वर्षको तुलनामा यस वर्ष गाँजा खेति बढेको बताउनुहुँदै गाउँपालिका अध्यक्ष मोक्तान भन्नुहुन्छ, "गाँजा फँडानीको नाममा प्रहरी प्रशासनको कमाई खाने धन्दा बनेको छ, आँखाले हेरेर नभ्याउने गाँजा खेती छ, प्रहरीले थोरै गाँजा फँडानी गर्छ फर्केर जान्छ ।" स्थानीय तहका जनताहरुले प्रहरी गाँजा फँडानी गर्न आएपछि पैसा उठाएको गुनासो समेत गर्ने गरेको उहाँको दावी छ । सरकारले नीतिमा नै खोट भएको बताउँदै सरकारको राम्रो नीति नहुँदा अवैध गाँजा खेति बढ्दै गएको छ । प्रदेश सरकारले स्वास्थ्य मन्त्रालय अन्तर्गतको विज्ञ टोलीले गाँजाको विषयमा अनुसन्धान समेत गरेको अध्यक्ष मोक्तान बताउनुहुन्छ ।

"गाँजा खेती हुने ठाउँमा भारतीयहरुको लगानी रहेको छ", एक स्थानीय भन्छन्, "गाँजाको बीउ पनि भारतीयले ल्याउँछन्, गाँजा भाले र पोथी २ थरिको हुन्छ, पोथी गाँजा मात्र प्रयोगमा आउँछ, गाँजाको प्रकार छुट्टाउन समेत भारतीय आउँछन् । पाकेपछि भारतीय नै व्यापारी आएर गाँजा लैजान्छन् । जसमा उत्पादन भएको मध्ये पाँच भागमा एक भाग उनिहरुले लैजान्छन् र अरु आफूहरुले बिक्री गर्ने गरेका छौं ।" "खुल्ला रुपमा भारतीय आएर खेती गर्न बीउ दिन्छन्, जाँच गर्न उनीहरुको टोली आउँछन् र गाँजा पाकिसकेपछि भारततर्फ लैजान्छन् । क्विन्टल-क्विन्टल गाँजा बाहिर लैजाने गरेको छ । प्रहरीले थोरै मात्रामा मात्र गाँजा नियन्त्रणमा लिएको छ, जब प्रहरीको सेटिङ मिल्दैन तब मात्र गाँजा समात्ने गर्छ", स्थानीयले भने ।

प्रदेश प्रहरी कार्यालय हेटौंडाले भने गँजा खेतीलाई नियन्त्रण गर्नका लागि गत आर्थिक वर्षमा राक्सिराङ गाउँपालिकाका केही स्थानमा ३५ हजार बोट कफिको बिरुवा वितरण गरेको थियो । यस वर्ष भने चितवनको राप्ती नगरपालिका र मकवानपुरको राक्सिराङ गाउँपालिकामा गरी ५ लाख बोट कफिको बिरुवा वितरण गर्ने सम्झौता भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाका एसएसपी दिपक रेग्मीले बताउनुभयो ।

## हेटौंडाको कार्यपालिकाको नियमित बैठक कात्तिकमा पनि बस्न सकेन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको नियमित कार्यपालिका बैठक कात्तिक महिनामा पनि नबस्ने भएको छ । हेटौंडा उपमहानगरपालिकाको कार्यपालिकाको नियमित बैठक हरेक महिनाको २ र १६ गते बस्ने व्यवस्था गरिएको छ । तर, चालु आर्थिक वर्षको चौथो महिनासम्म पनि नियमित बैठक बस्न सकेको छैन ।

नियमित बाहेक आवश्यकताअनुसार कार्यपालिकाको बैठक बस्न सक्नेछ । कात्तिक २ गते दसैंको व्यस्तताका कारण बैठक नबस्ने अग्रीम सहमति भएको बुझिएको थियो भने कात्तिक १६ गते अर्थात आज बिहिबार बस्नुपर्ने बैठक पनि नहुने भएको छ । हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले केही वडा अध्यक्षहरु जिल्लाभन्दा बाहिर रहनुभएको, बैठक बस्ने मुद्दा नभएकोले नियमित बैठक नराखिएको बताउनुभयो । एकपटक वैठक बस्दा बैठक भत्ता र खाजामा झण्डै एक लाख रुपैयाँ खर्च हुने उल्लेख गर्नुहुँदै नगर प्रमुख लामाले भन्नुभयो, "बैठक बस्नका लागि एजेण्डा पनि नभएको र केही वडा अध्यक्षहरु जिल्ला बाहिर रहनुभएकोले १६ गतेको नियमित बैठक नबोलाइएको हो ।" महिनामा एक पटक बस्नुपर्ने बैठक अनुकुल समयमा बस्ने नगरप्रमुख लामाको भनाइ छ ।

बुधबार दिउँसोसम्म पनि वडा अध्यक्षहरुले कार्यपालिका बैठकको विषयमा जानकारी प्राप्त नभएको उल्लेख गर्दै बैठक नहुने अनुमान गरेका थिए । "बैठक हुने भए २/३ दिन अगाडि नै जानकारी आउँथ्यो । यस पटक बैठक नहुने भएर होला अझै जानकारी आएको छैन", बुधबार दिउँसो एक वडा अध्यक्षले भने । नियमित बैठक नहुने अवस्थामा पनि जानकारी गराउन सकेको भए कार्यपालिका सदस्यहरु अन्यौलता रहने थिएन । स्थानीय सरकार सञ्चालन ऐनअनुसार हरेक महिना कम्तिमा एकपटक बैठक बस्नु पर्ने व्यवस्था छ । कार्यपालिका बैठक नियमित बस्न नसक्नुका साथै बैठकका निर्णय पनि सार्वजनिक हुन नसक्नुले हेटौंडा उपमहानगरको निरन्तर आलोचना भइरहेको छ । आलोचनाका बीच पनि उपमहानगरपालिकाले कुनै प्रतिक्रिया नजनाई गैरजिम्मेवार बनिरहेको छ ।

## सम्पादकीय

# आत्महत्या रोक्ने उपाय खोजौं

आत्महत्या विश्वव्यापी समस्या हो । आफ्ना समस्याहरुसँग जुध्न नसक्दा अन्ततः व्यक्तिले स्वेच्छिक मरण स्वीकार्ने गरेका छन् । आत्महत्या एउटा समस्या हो भने आत्महत्याको घटनापछि मृतकको परिवार र समाजमा पार्ने नकारात्मक प्रभावले विविध समस्या निम्त्याउने गर्दछ । पछिल्लो समय नेपालमा आत्महत्याको घटना भयावह बन्दै गएको छ । मकवानपुर जिल्लाको अवस्था पनि उस्तै छ । पछिल्लो एक साताको अवधिमा मात्रै ६ जनाले आत्महत्या गरेका छन् । हरेक दिन आत्महत्याको प्रयास भइरहेको छ । तर, कुनै दिन पनि आत्महत्या रोक्न सरकार, समाज र व्यक्तिको ध्यान पुग्न सकेको छैन ।

चालु आर्थिक वर्षमा मात्रै ४३ जनाले आत्महत्या गरेका छन् । पारिवारिक कलह, आर्थिक समस्या, प्रेम सम्बन्धमा असहजतालगायत विविध बहानामा आत्महत्याको प्रयास भएको देखिन्छ । आत्महत्या गर्नेमा २८ जना पुरुष, १२ महिला, २ बालक र एक बालिका रहेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्याङ्क अनुसार गत आर्थिक वर्षमा मकवानपुर जिल्लामा १ सय ५५ जनाले आत्महत्या गरेका थिए । आत्महत्याको घटनालाई गम्भीरताका साथ हरेक व्यक्तिले हेर्नुपर्छ । तीन तहका सरकारले आपसमा मिलेर समस्या समाधानमा काम गर्नु अनिवार्य छ ।

आत्महत्याको कल्पना नै गर्न नपर्ने गरी मूलतः परिवारका सदस्यमा आपसी सौहार्द्रता, सद्भावपूर्ण वातावरण बनाउन आवश्यक छ । समस्या र चुनौतिले नै नयाँ सोँच र मार्ग पहिल्याउन प्रेरित गर्छ । चुनौतिको सामना गर्नु नै मानवीय चेतनाको उपलब्धी समेत हुनेछ । तर, समस्या र चुनौतिलाई सामना गर्न व्यक्तिगत तवरबाट, पारिवारिक एकताबाट, समाजले विश्वास गर्ने अवस्था नरहँदा व्यक्तिले आफ्नो औचित्यमाथि प्रश्न गर्दै आफ्नै अन्त्यको गम्भीर निर्णयमा पुग्ने गर्दछ । यसर्थ परिवारमा आपसी सद्भाव र सौहार्द्रता अभिवृद्धि गर्ने हो भने मृत्युका बारेमा कसैले पनि सोँच्ने अवस्था नै रहन्न ।

परिवार र समाजमा आनन्दका बहानाहरु खोजी गर्ने, हरेक प्रयासमा सुख र खुसी महसुस गर्ने हो भने निराशा र गलत विचारले हाम्रो साथ छाड्नेछ । यसका लागि सरकारहरु नै जिम्मेवार हुनुपर्छ भने समाज र परिवार, व्यक्तिले पनि सक्दो सकारात्मक प्रयास गर्नुपर्छ । यतिबेला आत्महत्याको घटनालाई व्यवस्थापन गर्न प्रहरी एउटा जिम्मेवार निकायको रुपमा रहँदै आएको छ । समाजले भने प्रहरी नै आत्महत्या रोक्ने प्रमुख निकाय हो भन्ने भ्रम पनि प्रशस्त देखिन्छ । आत्महत्या या हत्या भन्ने कोणबाट मात्रै प्रहरीले हेरिरहेको छ । यद्यपि प्रहरीलाई थाहा छ कि के गरियो भने आत्महत्याका घटनालाई न्यून गर्न सकिन्छ भनेर । यतिबेलाको जटिलतालाई बुझेर प्रहरीको एउटा विशेष इकाई नै निर्माण गरी नागरिकको ज्यान जोगाउन सरकारले महत्वपूर्ण निर्णय गर्न सक्नुपर्छ । एउटा परिवार र व्यक्तिका लागि एउटा आत्महत्याको घटना पूर्णतः अपूरणीय क्षति हो । तसर्थ नागरिकको ज्यान जोगाउन सरकार हदैसम्मको जिम्मेवार भएर उपयुक्त उपाय खोजी गर्न ढिलाई गर्नु हुन्न ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : परीक्षा र प्रतियोगितामा विजयी भइएला ।
**वृष** : घरायसी काम र सुखका बारेमा चिन्तन बढ्ला ।
**मिथुन** : स्वास्थ्यमा सकारात्मक सन्देश प्राप्त हुनेछ ।
**कर्कट** : आर्थिक दृष्टिकोणले ठिकै रहने समय छ ।
**सिंह** : मानसिक दोधार रहने समय योग देखिन्छ ।
**कन्या** : धैर्य र संयमले काम गर्दा राम्रो रहने छ ।
**तुला** : प्रतिष्ठित कामले समाजमा स्थापित भइएला ।
**वृश्चिक** : आत्मविश्वास र दृढतामा अभिवृद्धि रहने छ ।
**धनु** : धार्मिक र प्राथमिक स्थलको भ्रमण होला ।
**मकर** : व्यापार– व्यवसाय मध्यमकारक रहने समय छ ।
**कुम्भ** : साँझेदारीमा गरिएको कामबाट लाभ प्राप्त ।
**मीन** : आफन्त र मित्रवर्गबाट निरन्तर सहयोग प्राप्त ।

# कहाँ छ देश बनाउने शक्ति ?



डम्बर खतिवडा



'यसो भएन उसो भएन, यो बिग्रियो त्यो बिग्रियो, यसो हुनु पर्थ्यो, उसो हुन पर्थ्यो, देश बनेन बन्दै बनेन, बर्बाद भो' जस्ता सदाबहार गनगन र गुनासा गर्नेहरुलाई अचेल प्रतिप्रश्न गर्न मन लाग्छ,' गर्नु पर्थ्यो चाहिँ कस्ले ?

देश बनाउँने पर्थ्यो कस्ले ? कस्को जिम्मेबारी हो यो ? देश बनाउँने ठेक्का कस्ले पाएको छ कसबाट ? अझै पनि गर्दिने कस्ले हो ? कोसंगको गुनासो हो यो ? कोसँग छ त्यस्तो शक्ति ?

शक्ति, क्षमता र योग्यता नै नभएकाहरुसँग त्यस्तो गुनासो गर्नुको कुनै अर्थ छ ?

यस्ता प्रतिप्रश्नको अर्थ-वाक्क दिक्क लागेर चिडचिडाहट, ओठे जवाफ व्यक्त गर्नका लागि भने हैन । त्यस्ता गुनासोकर्ताप्रतिको कुनै पूर्वाग्रह वा वितृष्णा हैन । गुनासो नाजायज छ भन्ने पनि हैन । एक आधारभूत प्रश्नमा मानिसको ध्यान खिच्न खोजेको मात्र हो । के देश बनाउँने ताकत वा शक्ति कसैसँग छ यतिखेर ?

मानौं कि कोही देश बनाउँन मनैदेखि इमान्दार छ भने पनि सक्छ कसैले ? यदि कसैसँग शक्ति नै छैन भने शक्तिहीनसँग गुनासो गरेर के हुन्छ ? यदि कसैसँग क्षमता नै छैन भने योग्यताहीनसँग गुनासो गरेर के हुन्छ ?

आफ्नो देश राम्रो नहोस, राम्रो नबनोस भन्ने कसलाई लाग्दो हो ? तर, नसकेर न हो । वृद्धि, ज्ञान, सीप, कला नपुगेर न हो । योजना, सपना र दुरदृष्टिको वैज्ञानिकता नभएर न हो । सोच नै अपर्याप्त वा अमिल्दो भएर न हो । शक्ति नभएर न हो ।

कतै देश बनाउने कुरा गर्नु अघि हामीले देश बनाउने शक्ति पो बनाउनु पर्ने हो कि ? देश बनाउनुभन्दा देश बनाउने शक्ति बनाउनुचाहिं पहिलो र आधारभूत प्रश्न हो कि ? हामी शक्तिहीन र क्षमताहीनहरुसँग बेफ्वाँकमा गुनासो गरेर जीवनको अमूल्य समय खेर पो फ्याल्दै छौं कि ? कोसँग छ त त्यस्तो शक्ति ? खोइ देश बनाउने शक्ति ? देश बनाउने शक्ति नै नभइकन आफैं बन्छ त देश ?

बन्छ, स्वस्फूर्त र मात्रात्मक रुपमा पनि केही न केही त बन्छ । जस्तो कि अहिले पनि केही भएन भन्दाभन्दै पनि भौतिक पूर्वाधार विकासमा केही न केही राम्रै भएको छ । सूचना र सञ्चार क्षेत्रको विकासमा राम्रै भएको छ । साक्षरता र औसत आयू वृद्धि भएकै छ ।

नभएको , देश नबनेको भन्नुको अर्थ- मात्रात्मक हैन, गुणात्मक हो । स्वस्फूर्त हैन, संस्थागत हो । अव्यवस्थित हैन, व्यवस्थित हो । गुणात्मक, संस्थागत, नैतिक मूल्य प्रणालीमा आधारित, न्यायिक, सुशासित, व्यवस्थित र समृद्ध देश बनेन भन्ने गुनासो न हो ? हो, यस्तो देश बनाउँने सोच, सपना र सामर्थ्य भएको शक्ति खै ? कुन हो ? कोही त छैन ।

देश बनाउने शक्तिको बिमर्शले थप दुई वटा आधारभूत प्रश्न आकर्षित गर्दछ ।

पहिलो- देश बनाउने शक्ति भनेको के हो ? कस्तो हो ? राजनीतिक दल शक्ति हैनन् ? राज्य संरचना शक्ति हैन ? आम नागरिक तथा श्रमशक्ति शक्ति हैन ? यी सबै चिज छन त हामीसँग ? फेरि कुन शक्ति चाहिएको हो ?

दोस्रो- शक्ति कहाँ हुन्छ ? कसरी बसेको हुन्छ ? के भए शक्तिले काम गर्दछ र परिणाम दिन्छ ? के भए शक्तिले काम गर्दैन र परिणाम दिंदैन ? यतिका धेरै शक्ति हुँदाहुँदै पनि देशले किन परिणाम निकाल्न सकिरहेको छैन ?

यीमध्ये दोस्रो प्रश्नबाट बिमर्श प्रारम्भ गर्न उचित होला ।

शक्तिको आम सिद्धान्त हो कि त्यो आफैंमा व्यप्त हुन्छ । शक्ति बन्ने बनाउने कुरा हैन । त्यो आफैं हुने हो । जस्तो कि प्रकाश एक शक्ति हो । ताप एक शक्ति हो । ध्वनी एक शक्ति हो । विद्युत एक शक्ति हो । गति एक शक्ति हो । गुरुत्वाकर्षण एक शक्ति हो । शक्तिका यस्ता अनेक रुप छन ।

यी कुनै पनि शक्ति मानिसले बनाएका हैनन, प्राकृतिक हुन । प्राकृतिक अर्थात् ब्रह्माण्डीय । मानिसले शक्तिको सिर्जना गर्ने हैन, स्वयं मानिसमा प्रकृतिको शक्ति व्यप्त हुने हो । तसर्थ दर्शनशास्त्रमा भन्ने गरिन्छ- व्यक्ति आफैमा एक ब्रह्माण्ड हो र ब्रह्माण्ड आफैंमा एक व्यक्ति ।

वैज्ञानिक दृष्टिकोणबाट हेर्दा वेदान्तको अद्वैत दर्शनले भन्ने गरेको 'अहं ब्रह्मास्मी' को अर्थ यही हो । 'अहं ब्रह्मास्मी'- मेरो शरीर र चेतनशक्तिभित्र ब्रह्माण्डका सबै भौतिक तत्व तथा उर्जा शक्ति समाहित छन । तसर्थ म नै ब्रह्माण्ड हुँ । ब्रह्माण्ड म हो ।

राजनीतिको यस्तो व्यप्त, प्राकृतिक तथा ब्रह्माडीय शक्ति सधै नागरिकमा हुन्छ । आम जनतामा हुन्छ । देश बनाउन यस्तो शक्तिको अभाव कहिल्यै हुँदैन । तर, जसरी प्रकृतिमा व्यप्त शक्ति आफै ऊर्जामा परिणत हुँदैन, त्यसरी नै राजनीति विज्ञानमा नागरिक शक्ति आफैं देश बनाउने शक्तिमा परिणत हुँदैन ।

मानिसले शक्ति रुपान्तरण गर्ने संयन्त्र, यान्त्रिकी वा प्रविधि बनाउँछ । त्यसैलाई हामी उर्जा उत्पादन भन्ने गर्दछौं । फेरि एक उदाहरणमा भनौं- पानीमा करेन्ट आफैं व्याप्त छ । त्यो प्राकृतिक, ब्रह्माण्डीय विशेषता हो । मान्छेले पानीमा करेन्ट सिर्जना गर्ने हैन । पानीमा व्यप्त करेन्टलाई टर्वाइनमा हालेर बिजुली उत्पादन गर्ने मात्र हो । मान्छेको काम हो- टर्वाइन बनाउनु, पावर हाउस बनाउनु र बिजुली निकाल्नु । पानीको करेन्टलाई विद्युत ऊर्जामा परिणत गर्नु । प्राकृतिक शक्तिलाई ऊर्जा शक्तिमा रुपान्तरण गर्नु ।

राजनीति सामाजिक विज्ञान भएको हुँदा यसको प्रक्रिया र प्रवृति केही फरक हुन्छ तर बिल्कुलै फरक हुँदैन । पानीमा करेन्ट भएजस्तो समाजमा, नागरिकमा, जनतामा राजनीतिक शक्ति आफैं व्याप्त हुन्छ । त्यो कसैले बनाउन पर्दैन । यदि कसैले मैले शक्ति सिर्जना गरे, बनाए भन्ने ठान्दछ भने त्यो अल्पज्ञान र भ्रम मात्र हो ।

कसैलाई मन परोस वा नपरोस, कसैलाई प्रिय लागोस वा अप्रिय लागोस, शक्तिले कसैलाई दमन गरेको होस वा उद्दार शक्ति त हुन्छ हुन्छ । अर्थात् समाज वा राज्य 'पावर ग्याप' मा बस्न सक्दैन । समाज शक्तिहीनतामा बस्न नसक्ने भएको कारणले अनेक प्रकारको नकारात्मक तथा ऋणात्मक शक्ति पनि जन्मिने गर्दछन ।

नेपालको इतिहासमा बारम्बार त्यस्तो भएको छ । शक्ति शून्यताको परिपूर्तिकै लागि कोत पर्व जस्तो हिंस्रक घटना भएको थियो र राणा शासन जन्मेको थियो । यदि त्यसअघिका शाह राजाले शक्तिको नियम मुताविक काम गर्न सकेको भए, शक्ति सिद्धान्त अनुरुपको दायित्व पूरा गरेको भए, न कोत पर्व हुन्थ्यो, न राणा शासनजस्तो कुख्यात शासनको जन्म नै हुन्थ्यो न त त्यसलाई १०४ जनताले खेप्न पर्थ्यो ।

ठीक त्यही कुरा- २०४६ सालपछि भएको हो । कांग्रेस-एमालेले शक्ति सदुपयोगको नियम नबुझ्दा, अन्तर्कलह र गुटबन्दीमा फस्दा, विकृत संसदीय अभ्यास गर्दा एकातिरबाट माओवादी जनयुद्ध भएको थियो । अर्कोकोणबाट ज्ञानेन्द्र शाहको तानाशाहीको उदय भएको थियो । ती सबै शक्तिका विकृत तथा नकारात्मक अभ्यास थिए । जनान्दोलन २०६२/२०६३ ले त्यसलाई धनात्मक रुपान्तरण गरेको थियो ।

देशमा आज फेरि अर्को प्रकारको शक्ति रिक्तताको स्थिति उत्पन्न भएको छ । विशेषतः २०७४ को आमनिर्वाचनले अनुमोदित गरेको झण्डै दुईतिहाईको कम्युनिष्ट गठबन्धनको सरकारको पतन र नेकपा (नेकपा) को विघठनपछि देश नयाँ प्रकारको शक्ति शून्यतातिर उदत्त छ । यो स्थितिलाई हल नगरिकन, शक्तिलाई नयाँ ढंगले प्रोसेसिङ, व्यूहीकरण वा बिन्यास नगरिकन देश बन्ने कुनै संभावना छैन । किनकी राष्ट्रिय राजनीतिमा यतिखेर देश बनाउने ल्याकत भएको कुनै शक्ति नै छैन ।

जब शक्तिको यस्तो रिक्तता वा शून्यताजस्तो स्थिति पैदा हुन्छ, नागरिक आफैले त्यसलाई नयाँ ढंगले बनाउने प्रयत्न प्रारम्भ गर्नु पर्दछ । आम मान्छे वा समाजलाई कहिल्यै शक्तिहीन ठान्न हुँदैन । किनकी राजनीतिक विज्ञानमा शक्तिको व्याप्त, प्राकृतिक तथा ब्रह्माण्डीय स्रोत त्यही हो ।

कुनै शक्ति छ त्यही नै अन्तिम र अन्त्यहीन हो भन्नु मुर्खता हो । नढलुनजेल राजतन्त्र धेरै ठूलो शक्ति थियो जस्तो लाग्दथ्यो, तर ढल्दा यसरी ढल्यो मानौं कि त्यो कुनै शक्ति नै थिएन । शक्तिको भ्रम मात्र थियो ।

आजका ठूला, पुराना, बलियो संगठन र जनमत भएका भनिएका राजनीतिक दल र तिनका शीर्ष नेता पनि त्यस्तै हुन । नहारुन्जेलसम्म कति धेरै शक्तिशाली जस्तो लाग्दछन, हारेका दिन कसैले गणना समेत नगर्न सक्दछ ।

खासमा यी दल र नेताको शक्ति यतिधेरै क्षय भइसकेको छ कि अब यिनीहरुबाट अपेक्षा गर्नु नै मुर्खता हो । यिनीहरु भएनन् भने केके न हुन्छ, कस्तो न नौवत आउँछ भन्ने सोच राख्नु नै मुर्खता हो । यिनीहरु नभए पनि देश अघि बढ्छ । यिनीहरु सिद्धिए देश झन राम्रोतिर जान सक्दछ । किनकि शक्ति रुपान्तरण, व्यूह र विन्यास सिद्धान्तअनुरुप कुनै न कुनै सकारात्मक तथा धनात्मक शक्तिले देशलाई अघि बढाउँन अनिवार्य र अपरिहार्य हुन्छ ।

यहाँनेर निकाल्न खोजिएको निष्कर्ष के हो भने व्यप्त शक्तिलाई मानव उपयोगी रुपान्तरण गर्ने जुन प्रक्रिया हुन्छ, यदि हामीसँग शक्तिको अभाव छ भने हामीले त्यो प्रक्रिया पूरा गरेका छैनौं भन्ने अर्थ लाग्दछ । यदि हामीले भनेजस्तो, चाहेजस्तो देश बनाउन सकेनौं भन्ने हाम्रो गुनासो हो भने त्यसको अर्थ हो- हामीले त्यस्तो शक्ति उत्पादन गर्ने प्रक्रिया नै पूरा गरेका छैनौ, अनि कसरी बन्छ देश ?

नदीको किनारमा तपाईंको घर छ भन्दैमा नदीको पानीमा व्यप्त करेन्ट विजुली बनेर आफैं तपाईंको घरलाई उज्यालो दिन आउँदैन नि । पहिलो कुरा त शक्ति उत्पादन हुनु पऱ्यो । दोस्रो कुरा त्यसको सही र सन्तुलित उपयोग हुनु पर्यो । शक्ति उत्पादन भएर दुरुपयोग भयो भने पनि सही परिणाम आउँदैन नि । बिजुली सधैं उपयोगी कहाँ हुन्छ ? करेन्ट लागेर जल्न, आगलागी भएर मर्न पनि त सकिन्छ ।

अब पहिलो प्रश्नमा जाउँ- देश बनाउने शक्ति भनेकै के हो ? त्यस्तो शक्ति कहाँ र कसरी बसेको हुन्छ ? प्रणालीगत आधारमा त्यस्तो शक्ति फरकफरक ठाउँमा हुन्छ ।

राजतन्त्रमा त्यस्तो शक्ति दरबार, दरबारनिष्ठ संगठन र राजामा हुन्छ । सैनिक शासनमा त्यस्तो शक्ति सेना र सैनिक जर्नेलमा हुन्छ । धार्मिक शासनमा त्यस्तो शक्ति धार्मिक संगठन र धर्म गुरुमा हुन्छ । एकदलीय प्रणालीमा त्यस्तो शक्ति कुनै एक दल, त्यसको संगठन वा त्यसको नेतासंग हुन्छ । लोकतन्त्रमा त्यस्तो शक्ति दल र दलका नेतामा हुन्छ । किनकि दलले नागरिक संगठन र समर्थनको प्रक्रियामार्फत् शक्तिको रुपान्तरण गरेको हुन्छ ।

यथार्थमा सबै शासन प्रणालीमा शक्ति प्राकृतिक तबरले व्याप्त हुनेचाहिँ नागरिक मै हो, व्यक्तिव्यक्तिमा मान्छेमान्छेमा हो । तर, नागरिकमा व्यप्त भएको शक्ति फरकफरक राजनीतिक प्रणालीले फरकफरक तरिकाले 'प्रोसेसिङ' गर्दछ । फरकफरक तरिकाले व्यूहीकरण र विन्यास गर्दछ । लोकतन्त्रले राजनीतिक आन्दोलन, दलीय संगठन र आवधिक निर्वाचनमार्फत् दलमा संकेन्द्रण गर्दछ ।

नेपालमा दलको त कुनै कमी छैन । चुनाव पनि भएकै छन । फेरि देश किन बनिरहेको छैन ? किन कोही खुशी र सन्तुष्ट छैनन् ? शक्तिको कुन सिद्धान्तले काम गर्दछ यस्तो बेला ? ग्याप कहाँनेर हो ?

यस सन्दर्भमा शक्तिलाई अर्को एउटा आयामबाट हेर्न पर्दछ- त्यो हो शक्तिको सार्थक उपयोगिता सिद्धान्त । अर्थात् शक्ति छ नै भने पनि त्यसको सार्थक उपयोग वा उद्देश्य छैन भने त्यो खेर जान्छ । जस्तो कि बिजुली छ, बालिन्न भने त्यो खेर जान्छ । शक्ति उत्पादन गरेर मात्र हुँदैन, त्यसको सार्थक उपयोग हुनु पर्दछ । शक्तिसँग कुनै न कुनै उद्देश्य वा मिसन जोडिएको हुनु पर्दछ । अन्यथा त्यो खेर जान्छ ।

शक्ति उत्पादन नै भएन, त्यो एउटा समस्या हो । उत्पादन भएर पनि उपयोग भएन त्यो अर्को समस्या हो । उपयोग भएर पनि कुनै उद्देश्य वा योजनासंग जोडिएन त्यो तेस्रो प्रकारको समस्या हो ।

जस्तो कि राजावादीहरू । हिजो २४० वर्षसम्म उनीहरू शक्तिमै थिए त ? आज शक्तिहीन भयौं भनेर किन रुन पऱ्यो ? जतिखेर उनीहरुसँग शक्ति थियो, त्यसको सही उपयोग गरेर नागरिकलाई सन्तुष्ट पारेको भए, उनीहरु सत्ताबाट फालिदैन्थे । जब फालिइसके भने उनीहरुको सान्दर्भिकता स्वतः समाप्त भयो । उनीहरु सत्ताबाट फालिनुको अर्थ नै उनीहरुले 'प्रोसेसिङ' गरेको शक्ति देश बन्न बनाउँनका लागि सार्थक, उपयोगी र उद्देश्यमुलक थिएन भनेर पुष्टि हुनु हो । फेरि केको रडाको ?

अर्थात् यसलाई अर्को तरिकाले पनि भन्न सकिन्छ- राजावादी शक्तिबाट जस्तो देश बन्न, बनाउन सकिन्थ्यो, त्यो त भोगिसकियो, त्यसले नभएर, नपुगेर नै त यतिका धेरै क्रान्ति, विद्रोह, आन्दोलन र परिवर्तन भएका थिए । अनि केको गनगन ? राजावादी आन्दोलनमा लाग्नेले यो बुझ्दा राम्रो हुन्छ कि उनीहरु कुनै देश बनाउने आन्दोलन र उद्देश्यमा छैनन्, आफ्नो जीवन र उर्जालाई वाइयात काममा मुफतमा खेर फालिरहेका छन । राजावादी हुनुभन्दा त करेसाबारी गोडेर बस्नु धेरै महान, सार्थक र उद्देश्यमुलक काम हो ।

दोस्रो- अब कम्युनिष्टहरुको कुरा गरौं । कम्युनिष्टहरुसँग उद्देश्य पनि थियो । यिनीहरुले शक्तिलाई निक्कै लामो समय लगाएर 'प्रोसेसिङ' पनि राम्रै गरेका हुन । २०७४ को चुनाव कम्युनिष्ट शक्तिको पराकाष्ठा थियो । करिब ७ दशक लगाएर उनीहरुले पहिलोपटक झण्डै दुई तिहाईको बहुमत पाएका थिए । नेकपा (नेकपा) नामको विशालकाय पार्टी बनाएका थिए । तर, त्यो गुम्यो । किनकि उनीहरुले त्यो शक्तिको सही सदुपयोग गर्न सकेनन् ।

कुनै पनि शक्तिको यात्रा पराकाष्ठाभन्दा माथि जाँदैन । त्यसपछि त्यो ओरालो नै लाग्ने हो । अब कम्युनिष्टहरु निरन्तर ओरालो लाग्दछन । हरेक चुनावमा

....बाँकी पृष्ठ ३ मा



**धान चुट्दै**: हेटौँडा-१८, खड्कुलेस्थित मकवानपुर बालविद्या सदनका विद्यार्थी धान चुट्दै । विद्यालयले विद्यार्थीलाई खाद्यान्न बालीको उत्पादन चक्रका बारेमा जानकारी गराउने उद्देश्यले गत असार महिनामा धान रोपाइँ कार्यक्रमको आयोजना गरेको थियो । विद्यार्थी, शिक्षकले विद्यालयकै स्वामित्वमा रहेको एक कठ्ठा जमिनमा धान रोपाइँ गरेका थिए । धान रोपाइँपछि धान गोड्ने, मल हाल्ने, औषधी छर्ने, धान काट्ने, धान चुट्ने, र अन्तिममा धान भित्र्याउने काममा पनि विद्यार्थीलाई नै परिचालन गरेको विद्यालयका अध्यक्ष सुदीप राज गिरीले जानकारी दिनुभएको छ । औषधिको मात्रा मिलाएर छर्न नसकेका कारण धान बालीमा क्षति पुगेकोले करिब १५ पाथी मात्रै धान उत्पादन भएको गिरी बताउनुहुन्छ । सामान्यतः विद्यालयले रोपाईंलाई मात्रै प्राथमिकता दिँदै आएकोमा मकवानपुर बालविद्या सदनले भने धानबालीको सिंगो प्रक्रियालाई नै आत्मसाथ गरेको छ । आगामी वर्ष धानको व्याड राख्ने चरणबाटै विद्यार्थीलाई सहभागी गराउने अध्यक्ष गिरीले बताउनुभएको छ । अहिले उत्पादन भएको धान ढिकीमा कुट्ने र खिर बनाएर विद्यार्थीलाई खुवाउने योजना रहेको उहाँले जानकारी दिनुभएको छ ।

# जिल्ला प्रशासनमा सेवाग्राहीको भिड



समाज संवाददाता

हेटौंडाः दशैं सकिएसँगै जिल्ला प्रशासन कार्यालय मकवानपुरमा सेवाग्राहीको भिड बढेको छ । कार्तिक ४ गतेदेखि बन्द भएको कार्यालय कार्तिक १० गतेबाट खुलेको थियो । दशैंअघि कार्तिक गतेदेखि ३ गतेसम्ममा नागरिकताको प्रतिलिपि लिनेको संख्या ३६ जना, नयाँ नागरिकता लिनेको संख्या २६ जना, राहदानी लिनेको संख्या १ सय ५३ जना, राष्ट्रिय परिचयपत्र लिनेको संख्या ११३ जना र नाबालक परिचय-पत्र लिनेको संख्या ४ जना रहेको छ ।

यस्तै दशैंपछि कार्यालयमा नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्र विभागमा मानिसको भिडभाड बढेको छ । दशैंपछि नागरिकताको प्रतिलिपि लिनेको संख्या २ सय २५ जना, नयाँ नागरिकता लिनेको संख्या ४ सय ७ जना, राहदानी लिनेको संख्या २ सय ७१ जना, राष्ट्रिय परिचयपत्र लिनेको संख्या ४ सय ९५ जना र नाबालक राष्ट्रिय परिचय-पत्र लिनेको संख्या २१ जना रहेको छ ।

दशैं अघिको तुलनामा दशैंपछि जिल्ला प्रशासन कार्यालयमा भिडभाड बढेको छ । जसले गर्दा राष्ट्रिय परिचय-पत्र बनाउनका लागि २ बजे भन्दा पछि आएका मानिसलाई समय छैन भनेर कर्मचारीले फर्काएका थिए । राष्ट्रिय परिचय-पत्र वितरण र नयाँ बनाउने कार्य भइरहेको छ । कार्तिकमा ९ दिनको अवधिमा नाबालक राष्ट्रिय परिचय-पत्र लिनेको संख्या २५ जना पुगेको छ, जहाँ नाबालकहरु आफ्ना अभिभावकसँग बैदेशिक भ्रमण जानका लागि राहदानी लिने गरेका छन् ।

# ४ जनामा डेंगु पुष्टि

समाज संवाददाता

हेटौंडाः स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरण अनुसार बुधबार ४ जनालाई डेंगु संक्रमण पुष्टि भएको छ । २४ घण्टाको अवधिमा बुधबार मकवानपुरमा ४ जनामा डेंगु पुष्टि भएको हो ।

डेंगु हुनेमा २ जना हेटौंडा उपमहानगरपालिका बासिन्दा रहेका छन् । यस्तै, मनहरी गाउँपालिका र भीमफेदी गाउँपालिकाका १-१ जनामा डेंगु पुष्टि भएको छ । मकवानपुरमा साउन महिनादेखि बुधबारसम्म ७ सय २२ जनामा डेंगु देखिएको छ । त्यसमध्ये हेटौंडा उपमहानगरपालिका भित्रका मात्र ४ सय ९८ जना रहेका छन् ।

# वेवारिसे अवस्थामा रिभल्बर फेला

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले वेवारिसे अवस्थामा एउटा रिभल्बर (पेस्तोल) फेला पारेको छ । बुधबार हेटौंडा-१५, सेल्फीरोडस्थित सडकको पश्चिम किनार छेउबाट प्रहरीले मेड इन इंग्ल्याण्ड लेखिएको रिभल्बर फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो । उक्त रिभल्बर फेला पारी थप अनुसन्धान कार्य भइरहेको उहाँले बताउनुभयो ।

# मकवानपुरगढीमा सचेतनामूलक कार्यक्रम

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकामा लागुऔषध दूर्व्यसनी, विद्युतीय अपराध, यसका नकारात्मक असर, सामाजिक, साँस्कृतिक विकृतिलाई न्युनीकरण गर्न सामजप्रति युवाको सरोकार को विषयमा एकदिने अन्तरक्रिया तथा कानुनी सचेतना कार्यक्रम भएको छ । मकवानपुरगढी गाउँपालिका-१ मा गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यमा सचेतनामूलक कार्यक्रम भएको हो । कार्यक्रममा वडा अध्यक्ष आईत सिं लोको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा अधिवक्ता एवम् मेलमिलापकर्ता रामशरण लामिछाने अभिमुखीकरण गराउनुभएको थियो ।

# हेटौँडामा केराउ कोसाको मुल्य बढ्यो

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१ चौकीटोल राप्तीतटमा रहेको तरकारी बजारमा अहिले केराउ कोसाको मुल्य बढेको छ । थोक बजारमा लोकल केराउ कोसा प्रतिकेजी १ सय ४० रुपैयाँ, विकासे केराउकोसा प्रतिकेजी १६० रुपैयाँ, खुद्रामा लोकल केराउ २०० रुपैयाँमा र विकासे २३०-२५० सम्ममा बिक्री भइरहेको तरकारी व्यवसायी गोविन्द दहालले जानकारी दिनुभएको छ ।

मौसम परिवर्तन भएसँगै नयाँ केराउ उत्पादन भएकोले माग पनि केही मात्रामा बढेको उहाँको भनाइ छ । करिब १ महिना अगाडि थोकमा लोकल केराउ ९० देखि १०० रुपैयाँ, विकासे केराउ ८० देखि १०० रुपैयाँ बिक्री भएको थियो । मनहरी, चितवन, सिसनेरी, भिमफेदी गाउँपालिका, पालुङ, कुलेखानी भैसे लगायतका ठाउँहरुबाट तरकारी ल्याएर स्थानीय हेटौँडाको बजार क्षेत्रमा बिक्री वितरण गर्ने गरेको बताउनुभयो ।

थोकमा अहिले काउली प्रतिकेजी ३५-४० रुपैयाँ, चाइनिज लसुन २५५ रुपैयाँ, लोकल लसुन २८० रुपैयाँ, प्याज १०२ रुपैयाँ, नयाँ अदुवा १००-१२० रुपैयाँ, रातो अदुवा १५० रुपैयाँ, काउली ३५-५० रुपैयाँ, बन्दा ३०-४० रुपैयाँ, भिन्डी ३० रुपैयाँ, काक्रो ४० रुपैयाँ, अकबरे खुर्सानी २५०-३००, करेला ४०-५० रुपैयाँ, खुर्सानी ७० रुपैयाँ, मुला १० रुपैयाँ, लोकल गोलभेँडा ६० रुपैयाँ, फर्सी २० रुपैयाँ, लौका २० रुपैयाँ, धनियाँ १०० रुपैयाँ, रायोको साग १०-१२ रुपैयाँ घिउ सिमी २५ रुपैयाँ र तने बोडी ३० रुपैयाँमा बिक्री भइरहेको छ ।

## कहाँ छ देश...

घट्दै जान्छन । शक्तिको प्राकृतिक सिद्धान्त मुताविक नै अब कम्युनिष्टहरुले त्यति ठूलो अवसर कम्तिमा २ दशकभित्र पनि प्राप्त गर्न सक्दैनन् । त्यसपछि बिल्कुलै नयाँ रुपमा विकसित भए भने भिन्नै कुरा ।

देशमा अहिले पनि दर्जनौं कम्युनिष्ट समूह छन । ती सबैको संगठन र भोटलाई एक ठाउँमा ल्याउने हो भने कम्युनिष्ट शक्तिलाई अहिले पनि कम आँक्न मिल्दैन । तर, फेरि पनि कम्युनिष्ट शक्तिले जनताले चाहेजस्तो देश बनाउनचाहिँ किन सकेन त ? झण्डै दुई तिहाईको बहुमत ल्याएर पनि कम्युनिष्ट शक्ति किन खेर गयो त ?

किनकि उनीहरुको शक्ति-उद्देश्यमै विरोधाभाष थियो ।

कम्युनिष्टहरुले देश बनाए भने हिजोको सोभियत संघ, पूर्वी युरोप वा उत्तरकोरिया, क्युवाजस्तो बन्ने हो । सिंगापुर, दक्षिण कोरिया, फिनलैण्ड, स्विट्जरल्याण्ड, स्वीडेनजस्ता देश कम्युनिष्टबाट सम्भव नै हुँदैन । यहाँसम्म कि चीनको जत्तिको उन्नति गर्न पनि माओवाद छोडेर देङवादमा आउनुपर्छ । नेपाल त चीनजस्तो एकदलीय प्रणाली भएको मुलुक पनि हैन ।

अर्थात् कम्युनिष्टहरुले 'प्रोसेसिङ' गरेको शक्तिको उद्देश्य नै सभ्य, सुशासित, समृद्ध र लोकतान्त्रिक मुलुक बनाउनु हैन । सर्वहारा राज्य बनाउन बनेको थियो त्यो शक्ति । त्यो उद्देश्यबाट उनीहरु च्यूत भइसके । नयाँ उद्देश्य निर्धारित छैन । कम्युनिष्ट शक्ति एक त ओरालो लागेको शक्ति हो, अर्को कुरा उद्देश्य भ्रमित शक्ति हो । समस्याग्रस्त र असफल बैचारिकीमा रमाइरहेको शक्तिहो । अनि कम्युनिष्टहरुबाट कसरी बन्छ देश ?

अब अलिकति कांग्रेसको कुरा गरौं- कांग्रेस त जन्मजात लोकतान्त्रिक र समाजवादी पार्टी हो, यसबाट त उन्नत लोकतन्त्र र समृद्धि सम्भव हुन पर्ने, किन भएन ? किनकि उनीहरुले शक्तिको दुरुपयोग गरे । २०४८ सालमा सुरु भएको ३६ से र ७४ को झगडासँगै कांग्रेसको शक्ति देश बनाउँने उद्देश्यबाट 'डिरेल' भइसकेको थियो ।

जहाँसम्म मधेशकेन्द्रित वा अन्य क्षेत्रीय साना शक्तिको कुरा छ- उनीहरुको उद्देश्य नै देश बनाउँनु हैन । सम्बन्धित क्षेत्र वा समुदायको राजनीति पहुँच र सहभागिता बढाउनु हो, त्यो त उनीहरुले धेरथोर गरेकै छन । जे उद्देश्यमा उनीहरु बनेका हुन, त्यो सके जति गरेकै छन । उनीहरुले देश बनाएन भन्ने गुनासो किन गर्ने ?

अब को बाँकी रह्यो ? अनि देश बन्ने, बनाउने अपेक्षाचाहिँ कसबाट ? खोइ शक्ति ? कसैले भन्ला रास्वपाबाट । रास्वपाको अहिलेसम्म कुनै आधिकारिक महाधिवेन नभएको, औपचारिक दस्तावेज नआएको, व्यवहारिक परिक्षण भइनसकेको हुनाले यसबारे अहिले कुनै निष्कर्षमा पुग्नु हतारो हुन्छ । पूर्वाग्रहजस्तो देखिन सक्दछ । तर, अहिलेसम्म यो देश बनाउनका लागि पर्याप्त शक्ति हैन । भबिष्यमा यसका नीति, योजना, सोच र क्रियाकलाप कस्ता हुन्छन, त्यो हेर्न पर्छ ।

यो हिजोको नयाँ शक्ति र विवेकशील साझाजस्तो एक चुनावमै सिद्धिएर जान पनि सक्दछ । सम्हालिएर, सही नीति, योजना र सक्रियतासहित हिंड्यो भने केही गर्न पनि सक्दछ । यो पार्टी निर्माणको प्रारम्भिक चरणमा छ । यसको आन्तरिक चरित्र नै ठोस भइसकेको छैन भने यससंग अपेक्षा र गुनासो आवश्यक नै हुँदैन ।

शक्तिको उद्देश्य र सार्थकता सिद्धान्तबाट मात्र हैन, आकार र योग्यता सिद्धान्तबाट हेर्दा पनि देश बनाउने शक्ति छैन । संसदभित्र १४ बटा दल छन, तिनको सोच र मूल्यप्रणालीमा एकरुपता छैन । मन्त्री खान त ती मिल्लान, तर राजनीतिमा उद्देश्यमूलक एकता छैन भने त्यसको कुनै अर्थ हुँदैन ।

त्यसैले भन्न मन लाग्छ- देश बनाउने गफ गर्नुभन्दा पहिले देश बनाउने शक्ति बनाउन योगदान गरौं । अहिलेसम्म देश बनाउन सक्ने गरी शक्तिको प्रोसेसिङ, उत्पादन, व्यूहीकरण र विन्यास नै भएको छैन । शक्ति जतातत‌ै छ तर खेर भइरहेको छ । हामी आफैं खेर फालिरहेका छौं देश बनाउने शक्ति । हामी नै हौं देश नबन्नुको दोषी । *(स्रोतः अनलाईनखबर)*

# १६० बिगाहा गाँजा फँडानी गरेर फर्कियो प्रहरी

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ र कैलाश गाउँपालिकाको विभिन्न स्थानमा गरी १ सय ६० बिगाहा क्षेत्रफलमा खेति भएको लागुऔषध गाँजा फँडानी गरेर प्रहरी फर्किएको छ । प्रहरीले आइतबारदेखि बुधबारसम्म ४ दिनमा १ सय ६० बिगाहा १ कठ्ठा क्षेत्रफलमा भएको लागुऔषध गाँजा फँडानी गरेको जनाएको छ ।

प्रहरी टोली फर्किएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो । मकवानपुर प्रहरीले राक्सिराङ गाउँपालिका-४, मादल सेन, रतुवा, वडा नम्बर-९, को कोल्टे, धुरकोट, कात्तिके, अठारे र राक्सीराङ-३, सरिखेत, फलासेमा भएको गाँजा खेती नष्ट गरेको छ भने कैलाश-३ को कालिकाटार, आपचौर, भोगटार, वडा नम्बर-४ मा तोकुवा, धुस्राङ, देउतिसमा भएको अबैध गाँजा फँडानी भएको जनाएको छ । प्रहरीले आइतबार पहिलो दिन ३ बिगाह ८ कठ्ठा, दोस्रो दिन ६१ बिगाह ३ कठ्ठा, चौथो दिन ५७ बिगाह १५ कठ्ठा र अन्तिम दिन ३७ बिगाहा १५ कठ्ठा गरि १६० बिगाहा १ कठ्ठा अवैध गाँजा फडानी गरेको छ । प्रहरीले मकवानपुरका यि क्षेत्रमा वर्षेनि गाँजा फडानी गर्दै आएको छ ।

# पर्यटक आगमनमा नयाँ रेकर्ड

काठमाडौंः पर्यटक आगमनमा इतिहासकै रेकर्ड ब्रेक भएको छ । सन् २०२३ अक्टोबर, एक महिनामा आएका पर्यटकको संख्याले रेकर्ड तोडेको हो । पर्यटन बोर्डका अनुसार अक्टोबरमा एक लाख १७ हजार ३०७ पर्यटक नेपाल घुम्न आएका छन् । यो एक महिनामा नेपाल आएका पर्यटकको हालसम्मकै उच्च संख्या हो ।

यसअघिका महिनाहरूमा मासिक एक लाखसम्म पर्यटक घुम्न आएका थिए । अक्टोबरमा भने पर्यटकको 'फ्लो' बढेको छ । कोभिडअघिको तुलनामा अक्टोबरमा १०६.०४ प्रतिशतले बढेको बोर्डले जनाएको छ । कोभिडअघि अर्थात् सन् २०१९ को अक्टोबरमा एक लाख १० हजार ६२२ पर्यटक आएका थिए ।

त्यसपछि क्रमशः २०२० मा एक हजार ८३१, सन् २०२१ मा १५ हजार ७१५ र सन् २०२२ मा ५२ हजार १२१ पर्यटक आएका थिए । तथ्यांकअनुसार सन् २०२३ को जनवरीदेखि अक्टोबरसम्ममा आठ लाख ९ हजार ६७८ पर्यटक भित्रिएका छन् । *स्रोतः अनलाइनखबर ।*

**स्वास्थ्य कार्यालय, मकवानपुरद्वारा जनहितमा जारी संदेश**

बालबालिकाहरुका लागि हरेक बर्ष राष्ट्रिय 'भिटामिन ए' खुवाउने कार्यक्रम यहि २०८० कार्तिक १७ र १८ गते संचालन हुने भएको छ । उक्त कार्यक्रममा नजिकैको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत ६ महिनादेखि ५९ महिना उमेर समूहसम्मको बालबालिकाहरुलाई भिटामिन ए र १ वर्षदेखि ५ वर्ष उमेरसम्मका बालबालिकालाई जुकाको औषधी खुवाऔं । याद गरौं यहि कार्तिक १७ गते र १८ गते ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई भिटामिन र १ देखि ५ वर्षसम्मका बालबालिकालाई जुकाको औषधी खुवाइँदैछ । उक्त कार्यक्रममा आफ्नो नजिकैको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा स्वास्थ्य संस्थामा सम्पर्क गरी आफ्नो बालबालिकालाई भिटामिन ए र जुकाको औषधि खुवाऔं ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय मकवानपुर
हेटौंडा, नेपाल

**We Are Open**

**हाम्रो सेवाहरू:**






- ताजा तरकारी/फलफूल होलसेल तथा खुद्रा बिक्री गरिन्छ ।
- फ्रेस जुस/फ्रुट सलाद पार्टी सेमिनारको लागि प्याकिङको पनि व्यवस्था छ ।
- BUBBLE TEA, SMOOTHIES, MILKSHAKE, LASSI
- लोकल अन्नबाली
- ग्रीन प्लान्ट/गमला
- व्यावसायिक कृषि सम्बन्धि आवश्यक परामर्श सेवाहरु

सम्पर्कः ९८४५४३८८६०/०५७-५९११५९

**DURBAR AGRO MART**

Hetauda–4, Shitalmahal road



# ओमानलाई हराउँदै समूह विजेता बन्ने नेपालको लक्ष्य

काठमाडौं: आईसीसी टी-२० विश्वकप एसिया छनोटको सेमिफाइनल पुगिसकेका घरेलु टोली नेपाल र ओमानबीचको खेल हुँदा समूह विजेता बन्ने होड हुनेछ । समूह ए मा दुवैले यसअघि सिंगापुर र मलेसियालाई हराउँदै एक खेलअघि नै अन्तिम चारमा स्थान सुरक्षित गरेका थिए ।

नेपाल र ओमानबीचको समूहको अन्तिम खेल बिहीबार त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदान, कीर्तिपुरमा बिहान ९ बजे सुरु हुनेछ । सेमिफाइनल खेलअघि दुवै टोली अन्तिम खेल जित्दै समूह विजेता बन्ने योजनामा छन् । नेपालले पहिलो खेलमा सिंगापुरलाई ८ विकेट र दोस्रो खेलमा मलेसियालाई ६ विकेटले पराजित गरेको थियो । ओमानले पहिलो खेलमा मलेसियालाई ३२ रन र दोस्रो खेलमा सिंगापुरलाई २२ रनले हराएको हो ।

नेपाल र ओमानले सेमिफाइनलमा स्थान पक्का गरिसकेकोले त्यस खेलअघि यो वार्म अप खेल जस्तै हुनेछ । किनकी दुवै टोलीले यसअघि तुलनात्मक रुपमा केही कमजोर टोलीसँग खेलेका थिए । नेपालले सिंगापुर र मलेसियालाई पराजित गर्दा उत्कृष्ट प्रदर्शन गर्दै सहज जित हात पारेको थियो । नेपालले दुवै खेलमा लक्ष्य पछ्याएर जित निकाल्दा ओमानले भने दुवै खेलमा स्कोर डिफेण्ड गरेको थियो । १० वर्षपछि फेरी टी-२० विश्वकपमा पुग्ने लक्ष्यमा रहेको नेपाल अब दुई खेल मात्र टाढा छ । त्यसैले समूहको अन्तिम खेलमा ओमानलाई हराएर समूह विजेता बन्ने नेपालको लक्ष्य छ ।

समूह विजेता बन्ने टोलीले सेमिफाइनलमा यूएई विरुद्ध हुने सम्भावित खेल टार्नेछ । नेपालको जस्तै ओमानको चाहना पनि त्यही हुनेछ । समूह बीमा दुई खेल जितेको यूएईको ४ अंक छ । बहराइन र हङकङको समान २ अंक छ भने पुछारमा रहेको कुवेतको कुनै अंक छैन । तर बहराइनसँग खेल्न बाँकी रहेको कुवेतको पनि सेमिफाइनल पुग्ने गणितीय संभावना कायम छ । ४ अंक रहेको यूएईले पनि सेमिफाइनलमा पुगिसकेको छैन ।

तर पनि शीर्ष स्थानमा रहेको र विगतको प्रदर्शनलाई पनि आधार मान्दा यूएई समूह विजेता हुने आकलन गरेर नेपाल र ओमान दुवैले उसँगको सेमिफाइनल भिडन्त टार्न प्रयास गर्ने छन् । सुरुवात दुई खेल जितेर सेमिफाइनल पुगिसकेकोले ओमान विरुद्धको खेलमा दबाब नभए पनि नेपालको लागि समूह विजेता बन्नु फाइदा हुने क्रिकेटर शरद भेषावकर बताउँछन् ।

'सेमिफाइनल पुगिसके पनि नेपालका लागि ओमानसँगको खेल महत्वपूर्ण हुन्छ । फाइनल पुग्न र क्वालिफाई गर्न कुन अपोनेन्टसँग खेल्दा ठिक हुन्छ भन्ने कुरा पनि महत्वपूर्ण हुन्छ', शरदले भने, 'किनभने अर्को समूहमा यूएईले दुई खेल जितेको छ । बहराइनले हङकङलाई हराएपछि रोमाञ्चक बनेको छ । यूएई अर्को समूहको विजेता हुन्छ जस्तो छ ।' *स्रोत: अनलाइनखबर ।*

# १० लाख रुपैयाँसहित एकजना पक्राउ

**समाज संवाददाता**

हेटौंडा: चितवन जिल्लाको राप्ती नगरपालिका-१ स्थित लोथर चेकपोष्टबाट प्रहरीले १० लाख रुपैयाँसहित मिनि कन्टेनर र चालकलाई पक्राउ गरेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

लोथरबाट खटिएको प्रहरी टोलीले मंगलबार हेटौंडाबाट बुटवल जाँदै गरेको लु १ क १९७९ नम्बरको खाली मिनि कन्टेनरको सुरक्षाजाँच गर्दा शंकास्पद रुपमा ल्याएको नगद नेपाली १० लाख ८० हजार रुपैयाँ बरामद गरेको जनाएको छ । चालक र कन्टेनर नियन्त्रणमा लिई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय पठाइएको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# वडा अध्यक्ष कप रनिङ फुटबल प्रतियोगिता हुने

**समाज संवाददाता**

हेटौंडा: हेटौंडा-१७ मा हटिया खेलकुद विकास समितिको आयोजनामा यही कार्तिक २० गतेदेखि प्रथम वडा अध्यक्ष कप नकआउट फुटबल प्रतियोगिता हुने भएको छ । शनिबार हटिया खेलकुद विकास समितिले एक सूचना जारी गर्दै यहि कार्तिक २० गतेदेखि हुन लागेको प्रतियोगिता बारे जानकारी गराएको हो ।

प्रतियोगितामा १७ नम्बर वडाका स्थायीवासी खेलाडीले मात्र सहभागिता जनाउन पाउने उल्लेख गरिएको छ । आफ्ना गाउँ-घरका खेलाडीको खेलप्रतिको लगाव, लगनशीलता र प्राथमिकता जगाउने तथा खेलप्रेमी दर्शकहरुको मनोरञ्जन गराउने लक्ष्यले प्रतियोगिताको आयोजना गर्न लागेको बताइएको छ । प्रतियोगिताको उपाधि विजेता टिमले ४० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने प्रत्येक खेलको म्यान अफ द म्याच र विधागत उत्कृष्ट खेलाडीहरुका लागि समेत पुरस्कारको व्यवस्था गरिएको छ ।

# वक्तृत्वकलामा सुनिल प्रथम

**समाज संवाददाता**

हेटौंडा: जेसीआई हेटौंडा लेडीले जेसीज सप्ताह अन्तर्गत आयोजना गरेको स्व. बुद्धरत्न शाक्य स्मृति वक्तृत्वकला प्रतियोगितामा सुनिल न्यौपाने प्रथम हुनुभएको छ । बुधबार दिउँसो हेटौंडा क्याम्पसको सभाकक्षमा भएको प्रतियोगितामा सहभागी ५ जना मध्ये सुनिल प्रथम हुनुभएको हो । देशको आर्थिक सुधारमा युवाको भूमिका" विषयक् वक्तृत्व कला प्रतियोगितामा कृतिका लौंडारी द्वितीय हुँदा उचित बजगाई तृतीय हुनुभएको छ ।

वक्तृत्वकला प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई जेसीज सप्ताहको समापन समारोहमा आगामी शनिबार पुरस्कृत गरिनेछ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः ५ हजार, ३ हजार र २ हजार रुपैयाँ प्राप्त गर्नेछन् । वक्तृत्वकला प्रतियोगिता पवित्रा गुरुङको संयोजकत्वमा भएको हो ।

जेसीआई हेटौंडाकी अध्यक्ष डिलमाया घर्तीको अध्यक्षता तथा हेटौंडा क्याम्पस सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको प्रमुख आतिथ्यमा वक्तृत्वकला प्रतियोगिता भएको हो । कार्यक्रममा जेसीआई हेटौंडाका अध्यक्ष श्रवणकुमार बर्तौला, जेसीआई हेटौंडा लेडीकी पूर्वअध्यक्ष एवम् हालका प्रमुख सल्लाहकार सुशीला पौडेलको पनि आतिथ्य रहेको थियो ।

# हटियामा राष्ट्रिय तेक्वान्दो प्रतियोगिता हुने

**समाज संवाददाता**

हेटौंडा: हेटौंडा-१७, हटियामा निर्माणाधिन कभर्ड हलमा भोलि शुक्रबार र पर्सी शनिबार दुईदिन प्रथम राष्ट्रिय तेक्वान्दो प्रतियोगिता हुने भएको छ । क्रियटिभ तेक्वान्दो एकेडेमीको आयोजना तथा राष्ट्रिय तेक्वान्दो संघ मकवानपुर, बागमती प्रदेश खेलकुद विकास परिषद्, खेलकुद विकास समिति हेटौंडा-१७, हेटौंडा उपमहानगरपालिका वडा-१६, १७ र १८ को सहकार्यमा प्रतियोगितामा हुन लागेको हो ।

राष्ट्रियस्तरको खेलाडीहरु उत्पादन गर्न, खेलाडीको कला प्रदर्शन गर्न र तेक्वान्दो खेलको विकास गर्न पुम्से तथा फाइट (केरोगी) का ३८ वटा विधामा प्रतिस्पर्धा गराइने आयोजक समितिका संयोजक भोजराज पराजुलीले जानकारी दिनुभएको छ ।

देशभरबाट ४ सय जना खेलाडीहरुको सहभागिता हुन सक्ने संयोजक पराजुलीले बताउनुभयो । प्रतियोगितामा ३८ वटा स्वर्ण, ३८ वटा रजत र ७६ वटा कास्य पदकको लागि प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा महिलातर्फ २०-६८ केजी र पुरुष तर्फ २०-७८ केजी तौलसम्मका खेलाडीहरु सहभागी हुनेछन् । प्रतियोगितामा २०-२३, २३-२६, २६-२९, २९-३२, ३२-३५, ३५-३८, ३८-४१, ४१-४५, ४५-४९, ४९-५३, ५३-५७, ५७-६२, ६२-६७, ६७-७२ र ७२-७८ तौल समुहका खेलाडीहरु बीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले स्वर्ण, रजत र कास्य पदकसहित प्रमाणपत्र प्राप्त गर्नेछन् भने वेष्ट फाइटर, टिम फस्ट र अनुशासित टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिता आयोजनाका लागि करिब ८ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको संयोजक पराजुलीले बताउनुभएको छ ।

# ११ जनाद्वारा रक्तदान




*रक्तदान गर्दै रक्तदाता ।*

**समाज संवाददाता**

हेटौंडा: जेसीआई हेटौंडा लेडीको आयोजनामा बुधबार बिहान रक्तदान कार्यक्रम भएको छ । जेसीज सप्ताहको पहिलो कार्यक्रमको रुपमा बुधबार बिहान रक्तसञ्चार केन्द्र हेटौंडामै पुगेर आयोजना गरिएको कार्यक्रममा ११ जनाले रक्तदान गरेका हुन् ।

अहिले डेंगुका विरामीका कारण रगतको माग बढेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभएको छ । यसअघि कात्तिक ४ गते न्यू भिजन ग्रुपले हेटौंडा-३, बसामाडीमा रक्तदान कार्यक्रम आयोजना गरेको थियो । बसामाडीमा २० जनाले रक्तदान गरेका थिए । आगामी शनिबार ईन्द्रसरोवर गाउँपालिकास्थित नेपाल रेडक्रस सोसाइटी फाखेल उपशाखाले रक्तदान कार्यक्रमको आयोजना गरेको छ । रक्तसञ्चार केन्द्रमा अहिले रगतको माग र आपूर्ति सन्तुलित अवस्थामै रहेको प्राविधिक सापकोटाले जानकारी दिनुभएको छ ।

# बकैयामा अन्तरपालिका फुटबल प्रतियोगिता हुँदै

**समाज संवाददाता**

हेटौंडा: मकवानपुरको बकैया गाउँपालिकामा यही कार्तिक २१ गतेदेखि अन्तरपालिका खुल्ला नकआउट पुरुष फुटबल प्रतियोगिता हुने भएको छ । अखिल नेपाल खेलकुद महासंघको आयोजनामा तथा सहिद स्मृति शान्ति बाटिकाको संयुक्त समन्वयमा प्रतियोगिता हुन लागेको हो ।

प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित ट्रफि, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यस्तै प्रत्येक खेलको म्यान अफ द म्याचले २ हजार रुपैयाँ, सर्वोकृष्ट खेलाडीले १० हजार रुपैयाँ र विधागत उत्कृष्ट खेलाडीहरुले ५ हजार रुपैयाँसहित ट्रफि, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिता बकैया-४ स्थित जुरेली खेलमैदानमा हुनेछ भने समापन समारोह कार्तिक २५ गते हुनेछ ।

**खानेपानीको महशूल भुक्तानी गर्ने बारे**

**पदमपोखरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिको जरुरी सूचना**

यस पदमपोखरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट वितरण गरिएको धाराको पानीको महशूल विगत लामो समयदेखि तिर्न बाँकी रहेको बक्यौता रकम यहि मिति २०८०/०८/१५ गते भित्र भुक्तानी गर्न आउनुहुन हार्दिक अनुरोध गर्दछौं । अन्यथा कुनै पनि समयमा संस्थाले खानेपानीको लाइन काटिदिने जानकारी समेत यसै सूचना मार्फत गर्दछौं ।

**पदमपोखरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति**
हेटौंडा-१२, पान्तले

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्याबरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

**बालबालिकाको भविष्य उज्जवल बनाऔं ।**

- बालबालिकाको पहिलो तीन वर्ष महत्वपूर्ण हुन्छ,
- त्यस अवधिमा ८० प्रतिशत मस्तिष्क विकास हुने गर्दछ,
- उनीहरुले वरपरको वातावरणबाट सिक्ने गर्दछन्,
- यस अवधिमा बालबालिकालाई राम्रो स्याहार, सम्भार र उत्प्रेरित गरौं,
- उनीहरुसँग नियमित अन्तरक्रिया गरौं,
- यस अवधिमा उनीहरुसँग गरिने व्यवहार, ज्ञान, सीप, र सिकाईबाट बालबालिकाको उज्जवल भविष्य निर्माण हुन्छ ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**A.N.B. ELECTRONICS**

Hetauda-4, Khopegalli

२०-२५% दशैं विशेष अफर




AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, DEEP FREEZER, COOIER **तथा अन्य ईलेक्ट्रोनिक्स सामानहरु होलसेल मुल्यमा पाईन्छ ।**

साथै AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, मर्मत गर्नुपरेमा तपाईको घरमै प्राविधिक उपलब्ध गराईनेछ ।

**प्रोप्राईटर: अंकित ढकाल**
**९८५५०-६२९७७**

**स्वादिष्ट नेवारी खाजा**

अब



होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत
**सुरुखा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,**

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ